कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके, प्रदेश न. ५

( सूचना प्रकाशित मिति :२०७६/०८/०४ गते )

## सुची दर्ता गराउने बारेको सूचना

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम साझेदारीमा नगरको फोहोरमैला संकलन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नको निम्ती सम्बन्धित इच्छुक फर्म/कम्पनी वा संघ/संस्थाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार तपसिल बमोजिमका कागजातहरु सहित सुची दर्ताको लागि यो सूचना प्रकशित भएको मितिले मितिले १५ दिनभित्र(अन्तीम दिन बिदा परेमा सो को भोलीपल्ट) कोहलपुर नगर कार्यपालिकाको कार्यालयमा दरखास्त दर्ता गराउनहुन अनुरोध छ ।

### तपसिल

१. नेपाल सरकारको नियमानुसार दर्ता भएको प्रमाण-पत्रको छायाँप्रति ।

२. स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको छायाँप्रति ।

३. आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाण-पत्रको छायाँप्रति ।

४. कोहलपुर नगरपालिकाको फोहोरमैला व्यवस्थापनमा साझेदारीका लागि कम्तिमा १५ वर्ष जग्गा उपलब्ध गराउने प्रमाणको कागजात ।

५. संस्थाको विस्तृत प्रोफाइल ।

### पालना गर्नुपर्ने शर्तहरू

१. म्याद भित्र पेश नभएको र रीत नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

२. एक भन्दा बढी समूहमा सूचीदर्ता गर्न चाहनेले प्रत्येक समूहको लागि छुट्टाछुट्टै निवेदन साथ आवश्यक सबै कागजात संलग्न गरी निवेदनमा समूह खुलाएर दर्ता गराउनु पर्नेछ ।

३. कम्पनी, फर्म या संस्था सूचिकृत गर्ने या नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

४. यस सूचनामा उल्लेख भए बाहेकका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

वीरेन्द्रदेव भारती

प्रमुख प्रशासकीय अधिकृत